जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक १८७ | २०७८ साल फागुन १२ गते बिहीबार (24 Feb. 2022 Thursday) | मूल्य रु. ५/-

लैङ्गिक समानता बोलेर वा लेखेर मात्र प्राप्त हुँदैन । परिणाम प्राप्तिका लागि प्रत्येक व्यक्तिले व्यवहारिक सुरूवात आफैबाट गर्नुपर्दछ । परिवर्तनको प्रारम्भ आफ्नै घरबाट गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'अब रेल चल्नै ... ३ पृष्ठमा : उद्घाटनको पर्खाइमा ... ३ पृष्ठमा : अमेरिकाद्वारा रुसमाथी प्रतिवन्धको ...

# माग पुरा गर्ने निर्णय पश्चात् मजदुरहरुको आन्दोलन फिर्ता



**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

अखिल नेपाल विद्युतिय रिक्सा, अटो, टेम्पो मजदुर संघले ८ बुँदे मागसहित सुरु गरेको आन्दोलन सहमतिपश्चात् टुङिगएको छ । बुधबार मजदुर संघ र राजबिराज नगरपालिकाबीच मागहरु सम्बोधन गर्ने निर्णय भएपछि आन्दोलन टुङिगएको हो ।

मजदुरहरु धर्नामा बसेकोपछि राजबिराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादवले वार्ताका लागि बोलाएपछि सो वार्तामा मागहरु पुरा गरिने निर्णय जनाइएको छ ।

निर्णय अनुसार सखडा, पत्थरगाढा, नर्घोका लागि हुलाकी राजमार्गमा पर्ने गनु बाबुको जग्गाबाट सिटी टेम्पु संचालन गर्ने, कुनौली जानका लागि मिलन चौकबाट सिटि टेम्पु लगायत संचालन गर्ने, हनुमाननगर, भारदह जानका लागि स्वास्थ्य कार्यालय अगाडीबाट संचालन गर्ने, कंचनपुर जानका लागि सिन्हा ग्यारेज अगाडी पिपल बोटबाट, रुपनी, लहान जानका लागि प्रहरी तालिम केन्द्रको बाटो छेउबाट, स्थानिय सिटी, टेमपो संचालनका लागि भन्साली ट्रेडर्स राजविराज, तेतरी गाछी, राजदेवी बसपार्क अगाडीबाट संचालन गर्ने र बोड स्टेन्डको जिम्मा नगरपालिकाबाट दिने भएको जनाइएको छ ।

त्यस्तै फुटपात पसलहरुलाई बाटो नराखी नालासम्म व्यवस्थित गर्ने, छाडा चौपाया नियन्त्रणका लागि अविलम्ब काँजी हाउसको व्यवस्था गर्ने, नगर क्षेत्रको पेटीहरुमा राखिएको सरसामान तथा बोड हटाउने तथा

***बाँकी अन्तिम पृष्ठमा***

## कर्मचारी आवश्यकता

राजविराज नगरपालिकास्थित "खुश्बु सप्लायर्स" का लागि निम्न कर्मचारीहरुको आवश्यकता रहेकोले इच्छुक व्यक्तिले आफ्नो व्यक्तिगत विवरणसहित ३ (तीन) दिन भित्र सम्पर्क गर्नुहोला ।

**पद :** बजार प्रतिनिधि
**संख्या :** २ जना
**योग्यता :** एसएलसी/एसईई उत्तिर्ण
**तलब :** कम्पनीको नियमअनुसार
**सम्पर्क नं.** ९८४२८२०८६९/०३१-५२१३८६
**नोट :** चालक अनुमति पत्रसहित मोटरसाइकल हुनेलाई प्राथमिकता दिइने छ ।

# काँग्रेस सप्तरीको सभापतिमा यादव र साहको उम्मेदवारी

**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन ।**

नेपाली काँग्रेस सप्तरीको फागुन १५ गते हुने जिल्ला अधिवेशनका लागि सभापति पदमा संस्थापन पक्षबाट शत्रुधन यादव र इतर पक्षबाट सभापति पदका लागि रामदेव साहको उम्मेदवारी घोषणा भएको छ ।



शत्रुधन यादव



रामदेव साह

मंगलबार संस्थापन पक्षले सभापति पदमा यादवको नाम घोषणा गरेको भोलीपल्ट बुधबार इतर पक्षले साहको नाम घोषणा गरेको हो । घोषणा कार्यक्रमबाट साहले घोषणा सभामा आफू काँग्रेसका बरिष्ठ नेता डा. शेखर कोइरालाको पक्षबाट सभापति पदमा उम्मेदवारी दिने घोषणा गरे ।

उम्मेदवार घोषणा कार्यक्रममा संघीय सांसद तेजुलाल चौधरी, संविधानसभा सदस्य रन्जित कर्ण, क्षेत्र नं ४ का सभापति सीताराम साह, जिल्ला कोषाध्यक्ष शिवनारायण चौधरी, उमेश मिश्रा, बिकेश्वर यादव बिमल, भोगेन्द्र झा, बद्री महात्मान, रामु यादव लगायतले नेपाली काँग्रेस भित्र समावेशी लोकतन्त्र कायम गर्न साहको प्यानललाई जिताउन आग्रह गरेका थिए ।

अघिल्लो दिन काँग्रेसका केन्द्रिय सदस्य समेत रहेका बर्तमान जिल्ला सभापति दिनेश कुमार यादवको उपस्थितिमा संस्थापन पक्षबाट सभापति पदमा शत्रुधन यादवको उम्मेदवारी घोषणा गरिएको थियो ।

काँग्रेसको १४ औं महाधिवेश अन्तरगत जिल्लामा वडा, गाउँ, नगर, प्रदेश र केन्द्रका प्रतिनिधिका लागि भएको निर्बाचनमा अधिकांश संस्थापन पक्षका निर्बाचित भएका छन् ।




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी




अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय ....

# धुमपानमा प्रयोगकर्ता बढ्दै

अहिले धुमपानमा प्रयोगकर्ता बढ्दै गएका छन् । धुमपानलाई फेसनका रुपमा लिइदै छ । यसको प्रयोगकर्तामा बढी कलिला उमेरका युवाहरु रहेका छन् । मुल्य बृद्धि हुँदा पनि यसको प्रयोगकर्तामा भने कमी हुनुको साटो बढ्दै गएको छ । धुमपान स्वास्थ्यको लागि हानिकारक हो, भन्ने कुरा सबैले जानी राखेपनि यसको प्रयोगकर्तामा बृद्धि हुनु कुनै नौलो होइन् ।

कुनै पनि चाडपर्व, कोही खुशी हुँदा भने कोही दुःखी हुँदाको क्षण त साथीभाईसँग भेटघाट हुँदा लगायतका समयमा धुमपानकै प्रयोग हुनेगरेको छ । बृद्धबृद्धाहरु यसलाई खास बेलामा प्रयोग गर्छन भने विद्यालयपछि कलेज पढ्ने विद्यार्थीहरु धुमपानलाई फैसनको रुपमा प्रयोग गर्दै गइरहेका छन् । जसकारण उनीहरुलाई यसको बानी नै परिसकेको छ ।

सरकारी स्तरबाट यसलाई न्युनिकरण गर्ने प्रयास हुँदा पनि  नेपाल सरकारलाई सबैभन्दा बढी राजश्व धुमपानबाट आउने गर्छ । यसको न्युनिकरणको साटो झनै प्रयोगकर्ताहरुको संख्यामा बृद्धि हुनु भनेको कानुन फितलो हुनु हो । धुमपान सम्बन्धी सरकारी दोहोरो नीतिकै कारण यसको प्रयोगकर्तामा कमी आउन सकेको छैन् । तसर्थ यसको न्युनिकरण गर्नका लागि कुनै ठोस नीति, नियम र कानुनीमा कडाई गर्नुको विकल्प छैन् ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# 'अब रेल चल्नै लाग्यो'

महोत्तरी, ११ फागुन (रासस) ।

टाढैसम्म सुनिने रेलको आवाज अहिले महोत्तरी र धनुषाका सर्वसाधारणका लागि मनोरञ्जन बनेको छ । यही फागुन सङ्क्रान्तिका दिनदेखि भारतको जयनगरदेखि धनुषाको कुर्थासम्म रित्तो रेल चल्न थालेपछि यस भेगमा उल्लास छाएको हो । दैनिक एकपटक आवतजावत गर्ने रेलको आवाज थाहा पाएपछि सबै स्टेसन र रेलमार्ग वरिपरि रमिते जम्मा हुने गरेका छन् । रेलको 'सिठ्ठी' पाँच/सात किलोमिटर परसम्म सुनिने हुँदा नजिकका सर्वसाधारण रेल हेर्न दौडने गरेका छन् । चलिरहेको रेलको 'छकछक' आवाजले पनि सर्वसाधारण मख्ख देखिएका छन् ।

"आब रेल चल लागल...! जल्दिए चढ पैवाक आस जागल" (अब रेल चल्नै लाग्यो नि ! चाँडै चढ्न चढ्न पाइने आस पनि जाग्यो) कुर्था रेल स्टेसन नजिकैको महोत्तरीको लोहारपट्टी नगरपालिका-४ खुट्टा बस्तीका मुस्लिम कबारी भन्नुहुन्छ, "जहिया रेल यात्रीके चढाव लागत, हम पहिल दिन परिवारक सबगोटे जयनगर जायब" (जुन दिन रेलले यात्रु चढाउन थाल्छ, म परिवारका सबैलाई लिएर जयनगर जानेछु )। कुर्था धनुषा जिल्लामा पर्ने भए पनि स्टेसन नजिकै महोत्तरीका पिपरा गाउँपालिका र लोहारपट्टी नगरपालिकाका सघन बस्ती छन् । धनुषातर्फ कुर्था मात्र भएको हुँदा यहाँ आउजाउ गरिरहेको रेल सञ्चालन महोत्तरीका १० भन्दा बढी बस्तीका लागि अहिले रमाइलो चाडजस्तै बनेको हो ।

महोत्तरी, पिपरा गाउँपालिकाका रतनपुर, रतौली कुर्थासँगै जोडिएका बस्ती हुन् । त्यसैगरी लोहारपट्टीका महदैया, तपनपुर, खुट्टा उत्तरबारी, वरटोल, मधपुरा र भ्रमरपुरा बस्ती पनि कुर्था स्टेसनबाट नजिक छन् । उद्घाटन नहुञ्जेल 'ड्रायरन' गर्न अहिले दिनहुँ एकपल्ट चल्ने गरेको रेल हेर्न यस भेगका बस्तीबाट सर्वसाधारणको भिड हुने गरेको हो । रित्तै भए पनि रेल चल्न थालेपछि अब छिट्टै चढ्न पाइने आस सर्वसाधारणमा जागेको छ ।

"पैछला तीन सालस आब रेल चलत कहैत सोरगुल मचैत छल, मुदा नई चलल" (पछिल्ला तीन वर्षयता अब चैं रेल चल्छ भन्ने चर्चा खुब चल्यो, तर त्यस्तो भएन) खुट्टा वरटोल बस्तीकी ७० वर्षीया सीयादेवी यादव भन्नुहुन्छ, "अई बेर रेल चलल, आब बुझाइय जे हमहुँ सब रेल चढ पायब" (यसपालि चाहिँ चल्यो, अब लाग्दैछ, म पनि रेल चढ्न पाउँछु ) । यात्रुरहित रेल नै चलेपछि अब चाहिँ चाँडै चढ्न पाउने गरी रेल चाँडै सञ्चालन हुन्छ भन्ने सर्वसाधारणमा विश्वास जागेको देखिन्छ ।

खासमा ट्र्याकको अवस्था यकिन गर्न र ट्राफिक जनसचेतनाका लागि रित्तो रेल चलाइएको नेपाल रेल्वे कम्पनीले जनाएको छ । "लिकको अवस्था बुझ्न र रेल चलिरहेका बेला वरिपरि सर्वसाधारण नआउन् भन्ने सचेतना बढाउन यात्रुरहित रेल चलाइएको हो", कम्पनीका महाप्रबन्धक निरञ्जन झा भन्नुहुन्छ, "अब रेल चल्न सक्छ भन्ने भएको छ, यसको विधिवत् उद्घाटन गरेर यात्रुसेवा सञ्चालन गरिने छ ।" यसबीच भारतीय रेल्वे कम्पनी कोंकणले उद्घाटनका लागि यही फागुन १६ वा १७ गते प्रस्ताव गरेको र नेपालतर्फबाट निर्णय हुन बाँकी रहेको कम्पनीले जनाएको छ ।

भारत सरकारको रेल्वे कम्पनी केआरसिएलका नायब महाप्रबन्धक इनायत हुसैन नेतृत्वको टोलीका रेल चालक देवनारायण रायले अहिले जयनगर कुर्था रेल चलाउनुभएको छ । "रेलको इन्जिन प्रतिघण्टा १४० किमी गतिमा चल्ने क्षमताको भए पनि ट्र्याकको क्षमता ११० किमी मात्र छ", चालक राय भन्नुहुन्छ, "अनि नजिक नजिक दूरीमा स्टेसन भएको हुँदा पनि रेल तीव्र गतिमा चलाउन सकिन्न ।" जयनगर-कुर्थासम्मको ३४ किमी दूरीभित्र जयनगर, इनर्वा, महिनाथपुर, वैदेही, जनकपुरधाम र कुर्थासहित छ स्टेसन छन् ।

अब चल्न थालेको रेल नरोकिने कम्पनीले स्पष्ट पारेको छ । "हामी उद्घाटन चाँडै होस् भन्नेमा छौँ", महाप्रबन्धक झाको भनाइ छ । उद्घाटनका लागि नेपाल र भारतका प्रधानमन्त्रीको अनुकुल समय मिलाउन पर्ने हुँदा अहिले गृहकार्य भइरहेको बताइएको छ । रेल चलाउन खटिएका २६ मध्ये अहिले १४ भारतीय कर्मचारी यहाँ तैनाथ छन् । अरु आवश्यकतानुसार आउने तय छ । त्यसैगरी आफ्नातर्फ रेल सञ्चालनसँग सम्बन्धित ५९ जनाको जनशक्ति तयार रहेको झाले बताउनुभयो । "हामी तम्तयार छौं, बस्, उद्घाटनको मिति उपल्लो तहबाट निधो हुने प्रतीक्षा छ", झाले भन्नुभयो ।

भारत सरकारको आर्थिक-प्राविधिक सहयोगमा बर्दिबास - जयनगर रेल्वेको ६९ किमी दूरीको रेल विस्तार परियोजनामध्ये हाल जयनगर-कुर्था हुँदै महोत्तरीको भङ्गाहा-५ बिजलपुरा स्टेसनसम्म ५१ किमीमा लिक निर्माण सम्पन्न भएको छ । यद्यपि अहिले कुर्था-बिजलपुरा स्टेसनसम्मको १७ किमी दूरीभित्र रेल चलाइएको छैन । "अहिले परीक्षण नै हो, जयनगरदेखि कुर्थासम्म उद्घाटन भएपछि यसै खण्डमा यात्रु सेवा सञ्चालन हुनेछ", महाप्रबन्धक झा भन्नुहुन्छ, "त्यसलगत्तै आवश्यक तयारी गरेर दोस्रो खण्ड (कुर्था- बिजलपुरा) मा सेवा बढाइँदै लगिने छ ।" रेल सेवाको उद्घाटन नेपाल र भारतका प्रधानमन्त्रीले 'भर्चुअल' माध्यमले गर्ने कम्पनीले जनाएको छ ।

बर्दिबास- जयनगर रेल विस्तार परियोजनामा तीन खण्ड बनाई काम गरिएको छ । पहिलो खण्ड जयनगर- कुर्थासम्मको ३४ किमी दूरीमा अहिले रेल चल्न लागेको हो । कुर्था-बिजलपुरासम्मकोपनि लिक, पुलपुलेसा र स्टेसन भवनसहितका सबै भौतिक संरचना निर्माण भइसकेका छन् । यस खण्डमा परीक्षणलगायत अन्तिम तयारीका काम भएपछि चाँडै सेवा सञ्चालन हुने जनाइएको छ । तेस्रो खण्ड बिजलपुरा- बर्दिबाससम्मको १८ किमीभित्र भने अझै काम थालिएको छैन ।

लामो समयदेखि अन्योलमै रहेको जयनगर-जनकपुर-बर्दिबास रेल्वे विस्तारको तेस्रो खण्डको काम पनि अब अघि बढ्ने विश्वास जागेको छ । पछिल्लो पटक सरकारले निर्धारण गरेको जग्गा मुआब्जा बुझ्ने मनस्थितिमा जग्गाधनी पुग्दै गएपछि अब रेल लिक निर्माणको काम अघि बढ्ने विश्वास बढेको हो । भङ्गाहा-५ स्थित बिजलपुरा रेल्वे स्टेसनबाट बर्दिबाससम्मको तेस्रो खण्डको काम पछिल्ला केही वर्षयता जग्गा मुआब्जा विवादले बाधित हुँदै आएको थियो । बिजलपुरा- बर्दिबाससम्मको काममा भने बर्दिबास-१, २ र १४ मा पर्ने जग्गाको मुआब्जा विवाद थियो । यसैले जयनगर-जनकपुर-बर्दिबास र पूर्वपश्चिम रेल विस्तारको काम अघि बढ्न सकेको थिएन ।

पछिल्लो पटक जिल्लाको जग्गा मुआब्जा निर्धारण समितिले गत भदौमा तय गरेको मूल्यमा जग्गाधनीले गृहमन्त्रीसमक्ष पुनरवलोकनका लागि लिखित आग्रह गरे पनि सरकारले सो गर्न नपर्ने प्रस्ट्याएपछि अब जग्गाधनी मुआब्जा बुझ्ने मनस्थितिमा पुगेका देखिन्छन् । "सात/सात वर्षदेखि हाम्रो जग्गा रोक्का राखेर मुआब्जा तोकिएन, बल्ल सरकारले यसपालि मुआब्जा तोकेको छ, मूल्यमा त हामी ठगिएकै हौँ", बर्दिबास-१४ का एक जग्गाधनीले भन्नुभयो, "अब कहाँ -कहाँ गुहार लगाउनु, हामी थाक्यौँ ।" यसअघि मुआब्जाबारे दिनदिनै विरोधमा उत्रँदै आएका जग्गाधनी लामो सङ्घर्षले थाकेका देखिन्छन् ।

"अहिले निर्धारण गरिएको मूल्यले हामी अर्को ठाउँमा त्यति नै जग्गा त लिन सक्दैनौं, तर अब गुहार लगाउने ठाउँ पनि त बाँकी छन् जस्तो लाग्दैन", बर्दिबास-१४ कै अर्का जग्गाधनी भन्नुहुन्छ, "बरु सरकारले अब हामीलाई किस्ताको झण्झटमा नपारोस् , एकमुष्ट रकम दिने चाँजो मिलाइदेओस् ।" "केही साथी अझै लडभिडको कुरा गर्दै हुनुहुन्छ, तर अब तार लाग्ने छाँट देखिन्न, एकमुष्ट रकम पाए झोला थाप्नु नै बुद्धिमानी होला", बर्दिबास-१ का अर्का जग्गाधनीले निचोड कुराको बिट मार्दै भन्नुभयो । बर्दिबासमा रेल्वे जग्गाको मुआब्जा प्रकरणमा दिनहुँजस्तो देखिने विरोध प्रदर्शन, नाराबाजी अब देखिन छाडेका छन् ।

पूर्वपश्चिम रेल र जयनगर-जनकपुर-बर्दिबास रेल विस्तार आयोजनाको संयुक्त स्टेसन बर्दिबासमा बन्ने निर्धारण भएपछि २०७३ सालमा सरकारले साविक बर्दिबास गाविस (हाल बर्दिबास-१, २ र १४) को ५९ बिघा जग्गा अधिग्रहण गरेर रोक्का राखेको छ । मुआब्जा नटुङ्गिएको जग्गाधनी र रेल विस्तारको काम दुवै अन्योलमा परेका थिए । अब भने मुआब्जाको कुरा टुङ्गिएको हुँदा काम अघि बढ्ने विश्वास यस भेगमा पलाएको हो । पछिल्लो पटक जिल्लास्तरीय जग्गा मुआब्जा निर्धारण समितिले बर्दिबासको जग्गाको मूल्य ३२ प्रकरणमा खुलाई प्रतिकठ्ठा रु सात लाखदेखि ८० लाखसम्म मुआब्जा दिइने निर्णय गरेको छ । सो निर्णयानुसार अब जग्गाधनीले आआफ्ना जग्गाको प्रमाणसाथ दाबी गरेपछि मुआब्जा वितरण तत्काल गर्न सकिने प्रमुख जिल्ला अधिकारी तथा जिल्लास्तरीय जग्गा मुआब्जा निर्धारण समितिका संयोजक तथा वासुदेव दाहाल बताउनुहुन्छ ।

यसअघि जयनगर-जनकपुर-बर्दिबास रेल्वे विस्तार आयोजनामा पर्ने तेस्रो खण्डकै साबिक भङ्गाहा९ -३,४ (हाल भङ्गाहा -४) र साविक किसाननगर गाविस (हाल बर्दिबास-६,७) को मुआब्जा निर्धारण २०७६ सालमै गरिएको थियो । यद्यपि बर्दिबासको मुआब्जा नतोकिँदा आफ्नो पनि केही मूल्य बढ्न सक्ने आसले कुनै जग्गाधनीले मुआब्जा दाबी भने नगरेको बर्दिबास-७ का वडाध्यक्ष फाल्गुण सुसलिङ्ग बताउनुहुन्छ ।

पछिल्लो पटक गत भदौमा निर्धारण गरिएको मुआब्जामा चित्त नबुझेको जनाउँदै बर्दिबासका जग्गाधनीले प्रतिकठ्ठा न्यूनतम रु २० लाखदेखि एक करोड २० लाखसम्म हुनपर्ने माग गर्दै गृहमन्त्रीलाई पुनरवलोकनका लागि आग्रह गरेका थिए । चलनचल्तीको मूल्यानुसार अध्ययन -अनुसन्धान गरी मुआब्जा तय गरिएको बताउँदै मन्त्रालयले माग सम्बोधन गर्न नसकिने प्रस्ट बताएपछि अब मुआब्जा लिन पर्ने मनस्थितिमा जग्गाधनी पुगेका हुन् । सरकारले मुआब्जा पुनरवलोकन नहुने स्पष्ट पार्दै काम अघि बढाउन रेल्वे कम्पनी र सम्बद्ध पक्षलाई पत्राचार नै गरेपछि जग्गा त्यत्तिकै छाड्नुभन्दा सरकारले तय गरेको मुआब्जामा चित्त बुझाउनुपर्ने जनाउँदै जग्गाधनी अब सघन छलफलमा जुटेका हुन् ।

"मुआब्जा पुनरवलोकनका लागि गृहमन्त्री गुहार्यौं, केही पनि भएन, अब निर्धारित मूल्यमा चित्त बुझाउनुको अर्को विकल्प देखिँदैन", बर्दिबासका जग्गाधनी भरत अधिकारीले भन्नुभयो । अधिकारीजस्तै बर्दिबासकै अर्का जग्गाधनी जन्मदेव महतोको पनि भनाइ छ । "हामीलाई मुसा खेलाए झैं नखेलाइयोस्, सहज रूपमा मुआब्जा पाइयोस् र स्टेसन बनोस्", महतोले भन्नुभयो ।

रेल्वेमा जग्गा पर्नेहरू अझै एकमत भइसकेका नदेखिए पनि अब सरकारले सदाशयतापूर्वक संवाद अघि बढाए स्थिति अनुकूल बन्दै जाने सामाजिक अभियानकर्ता बताउँछन् । तय भएको मुआब्जा कसरी जग्गाधनीले सहज र एकमुष्ट पाउन सक्छन् भन्नेमा स्थानीय प्रशासन र सम्बद्ध पक्षले समन्वय गर्नुपर्ने बर्दिबास-६ का सामाजिक अभियन्ता निलबहादुर लुम्रेको भनाइ छ । प्रजिअ दाहालले जग्गाधनीले प्रमाणसाथ मुआब्जा दाबी गरेपछि उहाँहरूलाई सुविधा हुने गरी वितरण प्रकिया अघि बढाउन आफ्नो पहलकदमी हुने बताउनुभएको छ ।

नेपाल र भारत सरकारबीच सन् २०१० मा रेल विस्तार परियोजनासम्बन्धी सम्झौता भएर यो काम अघि बढेको हो । जग्गा नेपाल सरकारले उपलब्ध गराउने र निर्माणसम्बन्धी सम्पूर्ण खर्च भारत सरकारले गर्ने सम्झौतानुसार अहिलेसम्म ५१ किमी दूरीभित्र रेल्वे ट्र्याक, स्टेसन भवन, पुलपुलेसा, खानेपानी, विद्युत्लगायत सबै संरचना भारतले बनाएको हो । अब तेस्रो खण्डमा पनि भारतले निर्माण गर्नेछ । परियोजनामा भारत सरकारले रु आठ अर्ब ७७ करोड सहयोग गर्ने सम्झौता भएको हो ।

# उद्घाटनको पर्खाइमा रेल सेवा

**राजु विश्वकर्मा**

जनकपुर, ११ फागुन (रासस)।

जयनगर-कुर्था रेल मार्गमा नियमित रेल सेवा सञ्चालनका लागि नेपाल रेल्वे कम्पनी लिमिटेड उद्घाटनको पर्खाइमा छन्।

सो मार्गमा चल्ने रेल सेवाको नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा उद्घाटन गर्ने भएपछि नेपाल रेल्वे कम्पनी उद्घाटनको मिति कुरेर बसेका हुन्। भारतीय रेल्वे कम्पनी कोंकणले उद्घाटनका लागि २०२२ मार्च १ अर्थात फागुन १७ गतेको मिति प्रस्ताव गरेको र आफूहरूले सोही मितिलाई समर्थन गरेर भारतीय दूतावासलाई पठाइएको नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक नीरञ्जन झाले जानकारी दिनुभयो।

"कोंकण र हामीबीच सहमति भएरै उद्घाटनको मिति मार्च १ तय गरेर दूतावासमा पठाएका हौं", उहाँले भन्नुभयो, "तर दूतावासले उद्घाटनको मितिको प्रस्ताव नेपाल सरकारबाट आउनुपर्ने बताइरहेका छन्।" तर नेपालको पछिल्लो राजनीतिक घटनाक्रमका कारण उद्घाटनको मिति तय गर्न ढिलाइ भइरहेको उहाँको कथन छ। "उद्घाटनको ढिलाइका कारण मात्र रेल चलाउन समस्या भएको छ", महाप्रबन्धक झाले भन्नुभयो, "नभए रेल चलाउन कुनै समस्या अब छैन्, हामीले सबै तयारी गरिसकेका छौं।" उद्घाटन भए लगत्तैबाट नियमित रेल चलाउँछौं, अब ढिलाइ हुँदैन् उहाँको भनाइ थियो।

रेल सेवा उद्घाटन नभएसम्म नियमित बिना यात्रु (ड्राइ सेवा) भने गत फागुन १ गतेदेखि सञ्चालन हुँदै आएको छ। अहिले बिना यात्रु दैनिक जयनगरदेखि कुर्था र कुर्थाबाट पुनः जयनगर रेल सेवा सञ्चालन भइरहेको नेपाल रेल्वे कम्पनी लिमिटेडले जनाएको छ। नियमित रेल चलाउन रेल्वे लिक कब्जा गरिएका ठाउँ खाली गराइएको छ भने हाटबजार लिकमा लगाउन बन्द गराइएको छ। अनुमति बिना रेल्वे लिक क्रस गरी बनाइएको बाटो बन्द गराउनुको साथै गेट म्यान कर्मचारी काममा खटिएको छ। रेल्वे लिकमा छाडा छाडिने पशु चौपाया, मानव आवागमन, जथाभावी बाटो लगाउने जस्ता समस्या समाधान गर्न रेल्वे ड्राइ सेवा सञ्चालन गरिएको उल्लेख गर्दै महाप्रबन्धक झाले यसबाट लामो समयदेखि थन्किएको रेल सेटको अवस्था कस्तो छ त्यसबारेमा समेत प्रष्ट हुने बताउनुभयो।

सञ्चालनका लागि दुबै रेलको इन्जन र बोगी एउटैमा जोडिएको छ। अगाडि एउटा र पछाडि अर्को इन्जिन जोडिएको हो। रेल चलेपछि हालका लागि ६० जना नेपाली र १४ जना भारतीय कर्मचारी बुधबारदेखि काममा खटिएको नेपाल रेल्वे कम्पनीले जनाएको छ। भारतको सीआरपीएल कम्पनीबाट २६ जना कर्मचारी आउने टुङ्गो लागेको छ। जसमा १४ जना भारतीय कर्मचारी आइसकेको र बाँकी उद्घाटनपछि आउने महाप्रबन्धक झाले बताउनुभयो। रेल उद्घाटनपछि सुरुको पहिलो १५ दिन एक पटक आउने र जाने गरी रेल चलाउने र त्यसपछि यात्रुको चाप र आवश्यकता हेरेर दिनमा २/३ पटक सम्म पनि रेल चलाउन सकिने तयारी गरेको महाप्रबन्धक झाले बताउनुभयो।

भारत सरकारको रु आठ अर्ब ७७ करोड (नेपाली रुपैयाँ) को आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको सो रेल मार्गमा रेल सेवा सञ्चालनका लागि गत २०७७ असोज २ गते भारतीय कम्पनी कर्पोरेसनबाट रु ८४ करोड ६५ लाखमा खरिद गरिएको दुई सेट रेल तामझामका साथ जयनगरबाट जनकपुर ल्याएर धनुषाको जनकनन्दनी गाउँपालिकाको इनरुवामा पार्किङ गरी त्रिपाल ओढाएर राखिएको छ। नेपाल रेल्वे कम्पनीमा नयाँ महाप्रबन्धक नीरन्जन झा आएपछि स्थानीयवासीलाई रेल चल्ने विश्वास जागेको हो।

सो रेलमा एक हजार २०० देखि एक हजार ३०० यात्रुसम्म बसेर/उभिएर यात्रा गर्न सक्छन्। यात्रुबाहक रेल भएकाले यसमा यात्रुको झोला र सामान्य सामान मात्रै राख्न सकिनेछ। नेपालमा राणाकालमा वि.सं. १९९४ सम्म जयनगरदेखि जनकपुरसम्म सञ्चालन भएको रेल सेवा २०६७ सालमा प्राविधिक कारणले बन्द भएको थियो। झण्डै एघार वर्षपछि वर्तमान सरकारले रेल सेवा सुरु गर्न लागेको बताइएको छ।

# वैदेशिक व्यापार ४६ र व्यापार घाटा ३८ प्रतिशतले वृद्धि

काठमाडौं, ११ फागुन (रासस)।

चालु आर्थिक वर्षको पहिलो सात महिनामा मुलुकको वैदेशिक व्यापार ४६ दशमलव ४३ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्षको पहिलो सात महिनामा रु आठ खर्ब ७३ अर्ब ५६ करोड रहेको मुलुकको वैदेशिक व्यापार चालु आर्थिक वर्षको सोही अवधिमा रु १२ खर्ब ७९ अर्ब १२ करोड पुगेको छ।

वैदेशिक व्यापारमा वृद्धि भएतापनि मुलुकको आयातमुखी वैदेशिक व्यापारका कारण व्यापार घाटा चुलिँदो छ। भन्सार विभागले मङ्गलबार सार्वजनिक गरेको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको पहिलो सात महिनामा मुलुकको व्यापार घाटा ३८ दशमलव ४५ प्रतिशतले वृद्धि भएको हो। अघिल्लो आर्थिक वर्षको पहिलो सात महिनामा रु सात खर्ब ३३ अर्ब रहेको व्यापार घाटा चालु आर्थिक वर्षको् सोही अवधिमा बढेर रु १० खर्ब १५ अर्ब पुगेको छ।

भन्सार विभागका अनुसार गत आवका पहिलो सात महिनाको तुलनामा आयात ४२ दशमलव ७८ प्रतिशतले बढेको छ। गत आवको पहिलो सात महिनामा रु आठ खर्ब तीन अर्ब मूल्य बराबरको आयात भएकामा चालु आवको सोही अवधिमा रु ११ खर्ब ४७ अर्ब पुगेको छ। त्यस्तै आव २०७७/७८ को पहिलो सात महिनाको तुलनामा चालु आवको सोही अवधिमा निर्यात ८८ दशमलव ३० प्रतिशतले बढेको छ। गत आवको माघ मसान्तसम्म रु ६९ अर्ब ९१ करोड बराबरको निर्यात भएकामा चालु आवको सोही अवधिमा रु एक खर्ब ३१ अर्ब बराबरको निर्यात भएको छ।

गत आवको पहिलो सात महिनासम्म कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ९२ प्रतिशत रहेकामा चालु आवमा सोही अवधिमा दुई दशमलव ४९ प्रतिशतले घटेर ८९ दशमलव ७१ प्रतिशतमा आएको छ। त्यस्तै वैदेशिक व्यापारमा निर्यातको हिस्सा २८ दशमलव ६० प्रतिशतले बढेको छ। गत आवको माघ मसान्तसम्म वैदेशिक व्यापारमा निर्यातको हिस्सा आठ प्रतिशत रहेकामा चालु आवको सोही अवधिमा १० दशमलव २९ प्रतिशत पुगेको छ।

चालु आवको पहिलो सात महिनामा नेपालको वैदेशिक व्यापारमा प्रमुख हिस्सा ओगट्ने पेट्रोलियम पदार्थमध्ये डिजेलको आयात अत्यधिक रहेको छ। चालु आर्थिक वर्षको पहिलो सात महिनामा रु ७२ अर्ब ९६ करोड बराबरको डिजेल भित्रिएको छ। त्यस्तै आयातमा भटमासको कच्चा तेल दोस्रामा छ। चालु आवको पहिलो सात महिनामा रु ३९ अर्ब ६६ करोड मूल्य बराबरको करिब एक अर्ब दुई करोड लिटरभन्दा बढी भटमासको तेल आयात भएको देखिन्छ। त्यस्तै एलपी ग्यास रु ३४ अर्ब ६९ करोड तथा पेट्रोल रु ३३ अर्ब ५६ करोडको आयात भएको विभागले जनाएको छ।

त्यस्तै नेपालबाट निर्यात भएका वस्तुमध्ये भटमासको तेल सबैभन्दा धेरै देखिएको छ। विभागले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कानुसार रु ३६ अर्ब ६८ करोड मूल्य बराबरको भटमासको तेल निर्यात भएको छ। व्यवसायीले भटमासको कच्चा पदार्थलाई विभिन्न मुलुकबाट आयात गरी प्रशोधन गरेर निर्यात गर्ने गरेकाले यहाँको वैदेशिक व्यापारमा भटमासको तेलको योगदान उच्च देखिन्छ। सबैभन्दा बढी निर्यात हुने वस्तुमध्ये पाम तेल पनि एक हो। भटमासको तेलजस्तै पाम तेल पनि कच्चा पदार्थ आयात गरी प्रशोद्धन गरेर निर्यात गर्ने गरेको छ। सार्वजनिक विवरणानुसार चालु आवको पहिलो सात महिनासम्म रु ३४ अर्ब १५ करोड मूल्य बराबरको पाम तेल निर्यात भएको छ।

त्यस्तै रु पाँच अर्ब सात करोड मूल्य बराबरका गलैंचा तथा रु तीन अर्ब ४० करोड मूल्य बराबरका जुटका बुनिएका तथा अन्य कपडा निर्यात भएको विभागले जनाएको छ। विभागका अनुसार चालु आवको पहिलो सात महिनामा नेपालले भारतबाट करिब रु छ खर्ब ९६ अर्ब मूल्य बराबरका बस्तु आयात गरेको छ भने रु एक खर्ब छ अर्ब मूल्य बरोबरका बस्तु निर्यात गरेको तथ्याङ्क छ। नेपालको भारतसँगको व्यापार घाटा मात्रै पाँच खर्ब ८९ अर्बभन्दा बढी छ। त्यस्तै सोही अवधिमा नेपालले चीनबाट रु एक खर्ब ६५ अर्ब मूल्य बराबरका वस्तु आयात गरेकामा रु ४८ करोड ७९ लाख मूल्य बराबरको वस्तु निर्यात गरेको देखिन्छ।

चालु आर्थिक वर्षको पहिलो महिनामा सबैभन्दा धेरै वीरगन्ज भन्सार नाकाबाट रु चार खर्ब एक अर्बभन्दा बढी मूल्य बराबरको वस्तु आयात भएको छ। त्यस्तै भैरहवा नाकाबाट रु एक खर्ब ८४ अर्ब र त्रिभुवन विमानस्थल नाकाबाट रु एक खर्ब ४२ अर्ब भन्दा बढी मूल्य बराबरका वस्तु आयात भएको तथ्याङ्क छ। नेपालले वीरगन्ज भन्सारबाट रु ६० अर्ब चार करोड, विराटनगर भन्सारबाट रु ३७ अर्ब ५५ करोड तथा त्रिभुवन विमानस्थल नाकाबाट रु १८ अर्ब ७८ करोडभन्दा बढी मूल्य बराबरका वस्तु विदेश निर्यात गरेको छ।


## डा. आदर्श कुमार सिंह
**Dr. Adarsh Kumar Singh**
MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

## डा. ललन प्रसाद रौनियार
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### अमेरिकाद्धारा रुसमाथी प्रतिवन्धको घोषणा

वासिङ्टन, ११ फागुन (रासस/एएफपी)।

युक्रेनमाथी हस्तक्षेप गरेको भन्दै अमेरिकाले रुसलाई प्रतिवन्ध लगाइएको घोषणा गरेको छ। विद्रोहीको नियन्त्रणमा रहेको युक्रेनका दुई क्षेत्रलाई रुसले स्वतन्त्र भएको मान्यता दिएपछि अमेरिकाले रुसको भूमिकाप्रति आपत्ति जनाएको छ।

कुनै देशको आक्रमणलाई रोक्न वा अन्तरराष्ट्रिय कानुन उलङ्घन गरेको विरुद्धमा एउटा देशले अर्को देशलाई प्रतिवन्ध लगाउने प्रचलन रहेको छ। यसलाई आक्रमणकारी वा हस्तक्षेपकारी देशलाई दिने सामान्य सजायको रुपमा पनि लिइन्छ।

यस्ता प्रतिवन्धले देशको अर्थतन्त्र र राजनीतिलाई बढी असर पर्ने र नेताले हस्तक्षेपकारी कदम थप अगाडि नबढाउने अपेक्षा गरिएको हुन्छ।

अमेरिकाले गरेको प्रतिवन्धको घोषणाप्रति युरोपेलीसहित अन्य विभिन्न देशसमेतले समर्थन जनाउदै आफ्नो देशको तर्फबाट पनि प्रतिवन्ध लगाइएको घोषणा गरेका छन्।

रुसले युक्रेनमाथि थप अतिक्रमण गरे अमेरिका र युरोपेली मुलुकले प्रतिबन्ध पनि थप गर्दै जाने चेतावनी दिएका छन्।

उनीहरुले सूचना प्रतिविधिको सञ्जालबाट रुसलाई अलग्याउने, आर्थिक कारोबारको सञ्जालमा नराख्ने, रुसबाट ग्यास तथा इन्धन खरिद नगर्नेलगायतका अभियान पनि ल्याउन सक्ने बताइएको छ।

रुसको अर्थतन्त्रमा ग्यास तथा इन्धनको व्यापारको ठूलो भूमिका रहेकाले पश्चिमा तथा अमेरिकी देशले रुसबाट ग्यास तथा इन्धन खरिद नगरेमा रुसको अर्थतन्त्रमा ठूलो झड्का लाग्न सक्छ।

### भारतले अफगानिस्तानमा दुई हजार पाँच सय टन गहुँ पठायो

भारत (वाघा), ११ फागुन (रासस/एएफपी)।

पाकिस्तानले ढुवानीका लागि 'असाधारण' अनुमति दिएपछि भारतले सङ्कटग्रस्त राष्ट्र अफगानिस्तानको लागि दुई हजार ५०० टन गहुँ बोकेको ५० ट्रक पठाएको अधिकारीले बुधबार जानकारी दिएका छन्।

गत वर्ष तालिबानले कब्जामा लिएपछि पश्चिमी देशले सहायतामा तीव्र कमी ल्याएका छन्। जसले अफगानिस्तानलाई "विनाशकारी" मानवीय सङ्कटको सामना गरिरहेको छ। संयुक्त राष्ट्रसङ्घका अनुसार दुई करोड ८० जनसंख्याको बहुमतलाई सहयोगको आवश्यकता रहेको छ।

संयुक्त राष्ट्र सङ्घको अपीलको जवाफमा, भारतले पाँच हजार टन गहुँ उपहार दिने निर्णय गरेको थियो। लरीहरूको पहिलो चरणलाई मंगलबार पाकिस्तानको सीमानजिकै अमृतसरमा एक समारोहबीच अधिकारीले झण्डा देखाएका जनाइएको छ।

भारतको कट्टर प्रतिद्वन्द्वी पाकिस्तानले भन्यो कि यो ढुवानी आफ्नो क्षेत्रमार्फत पार गर्न अनुमति दिन "एक असाधारण आधारमा सहमत" थियो।

नयाँ दिल्लीले भारत प्रशासित कश्मीरको आंशिक स्वायत्तता खारेज गरेपछि इस्लामाबादले २०१९ मा भारतसँगको व्यापार निलम्बन गरेको थियो।

अघिल्लो पश्चिमा समर्थित अफगान सरकारसँग घनिष्ट सम्बन्ध रहेको भारतले पनि कोभिड-१९ को खोपको पाँच लाख डोज, १३ टन औषधि र जाडो लुगा सहयोग गरेको थियो।

भारतका लागि अफगान राजदूत फरीद मामुन्दजेले ट्वीटमार्फत अफगानिस्तानलाई भारतले गरेको यस गहुँ सहायोग यस कठिन घडीमा अरु कुनै पनि देशले गरेको खाद्य योगदान भन्दा ठूलो बताउनुभएको छ।

### रुससँग द्वन्द्व हुन्छ भन्नेमा विश्वास छैन : युक्रेनका राष्ट्रपति जेलेन्स्की

किभ, ११ फागुन (रासस/सिन्ह्वा)।

युक्रेनी राष्ट्रपति भोलोदमिर जेलेन्स्कीले युक्रेनको रुससँग द्वन्द्व हुन्छ भन्नेमा विश्वास नरहेको बताउनुभएको छ।

उहाँले मंगलबार भन्नुभएको छ, मलाई लाग्छ रुससँग त्यत्रो द्वन्द्व हुनेछैन, अहिले हामीले सोचेजस्तो हिंसा पनि हुनेछैन।

उता युक्रेनमा यदि आन्दोलन या त्यस्तै आक्रामक केही कारबाही हुने अवस्था भयो भने आफूले मार्सल ल लगाउने पनि उहाँले जनाउनुभएको छ।

त्यहाँ हुनसक्ने विद्रोहका बारेमा टिप्पणी गर्दै यदि त्यस्तो अवस्था आयो भने आफूले मार्सल ल लगाउने उहाँले बताउनुभएको हो।

पछिल्लो समयमा युक्रेनमा रुसले आक्रमण गर्नसक्ने भन्दै त्यसको विश्वव्यापीरुपमा व्यापक विरोध भएको छ।

युक्रेनको पूर्वीक्षेत्रमा रुसले ठूलो संख्यामा सेना तैनाथ गरेको बताइएको छ, तर रुसले अहिले युक्रेनमा हमला गर्ने समाचारको भने खण्डन गर्दै आएको छ।

अमेरिका, बेलायतलगायतका पश्चिमा देशले भने रुसले युक्रेनमा हमला गर्न लागेको भन्दै त्यहाँबाट आफ्ना नागरिक फिर्ता गरेका छन्।

त्यस्तै यीलगायतका अरु पश्चिमा देशले पनि यदि रुसले युक्रेनमा हमलाको तयारी गरेको हो भने त्यसको पुष्टि गरी रुसमाथि प्रतिबन्ध लगाउने तयारी गरिरहेको बताएका छन्।

# महाशिवरात्रीका लागि शिवालयहरुमा तयारी तिब्र



**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन।**

महाशिवरात्री पर्व मनाउनका लागि सप्तरीका शिवालयहरुमा तयारी तिब्र पारिनुका साथै शिवालयहरुको रंगरोगन तथा झकिझकाउ पार्न थालिएको छ।

फागुन १७ गते मंगलबार यो पर्व मनाइने छ। महाशिवरात्री पर्वका लागि राजविराजस्थित हरिनन्देश्वर महादेव मन्दिर, छिन्नमस्ता गाउँपालिकास्थित लालेश्वरनाथ महादेव मन्दिर, शम्भुनाथ नगरपालिकास्थित शम्भुनाथ मन्दिर, महदेवा गाउँपालिकास्थित अंकुरी महादेव मन्दिर लगायतका शिवालयहरु अहिले रंगरोगन र सजाउने काम धमाधम भइरहेको छ।

यसैक्रममा महाशिवरात्रीमा सर्वाधिक श्रद्धालुको भिड लाग्ने राजविराजस्थित हरिनन्देश्वर महादेव मन्दिरलाई आकर्षक र सौन्दर्यकरण कार्यमा व्यवस्थापन समितिले लाखौं रकम खर्चेको मुल पुजारी महेश्वर भारतीले जानकारी दिँदै मन्दिर प्रवेशद्वारदेखी मन्दिरसम्म टायल्स बिछ्याइएको छ भने रंगरोगन, श्रद्धालु बस्ने बिश्राम स्थल निर्माण तथा सजावट कार्य अन्तिम चरणमा पुगेको बताए।

मन्दिरको व्यवस्थापन समितिले भक्तजनका लागि पूजामा सहजिकरण, यातायातको पार्किङ, सरसफाई र खानपिनलाई सुरक्षित बनाउन समेत विभिन्न तयारी गरेको अध्यक्ष ध्रुव देवले बताए। मन्दिरको सौन्दर्यकरणका लागि आफ्नो व्यक्तिगत खर्चका साथै विभिन्न दाताहरुबाट पनि सहयोग प्राप्त भएको जानकारी दिँदै उनले शिवरात्रीका दिन यस मन्दिरमा ५० हजार भन्दा बढी भक्तजन आउने अनुमान गरिएको बताए।

यता जिल्लाका अन्य शिवालयहरु पनि मन्दिर संरक्षण र व्यवस्थापन समितिद्वारा झकिझकाउ पार्ने काम अन्तिम चरणमा पुगेको सम्बन्धी समितिले जनाएको छ।

# सुरक्षित स्वच्छ खानेपानी युक्त बस्तीको शुभारम्भ



**दैनिक समाचारदाता**
**राजविराज, ११ फागुन।**

सप्तरीको कंचनरुप नगरपालिका वडा नं. ४ जगतपुरमा सुरक्षित खानेपानी तथा सरसफाई आयोजनाको उद्घाटन गरिएको छ।

कंचनरूप नगरपालिका प्रमुख वसन्त कुमार मिश्रले जगतपुरमा खानेपानी धाराको शुभआरम्भ गर्दै सुरक्षित स्वच्छ खानेपानी युक्त बस्तीको घोषणा गरेका छन्।

कंचनरुप नगरपालिका, युनिसेफ र समुदायको सहयोगमा ३५ घनमिटर क्षमता भएको पानीटंकी निर्माण गरी पाइपलाईनबाट घर-घरमा स्वच्छ खानेपानी पुगेको नगरप्रमुख मिश्रले बताए।

फूसको घरमा ट्युबवेल जडान गर्ने क्षमता नभएको बेला आंगनमै धारा जडान भई पानी आउन थालेपछि जगतपुरबासी निकै खुशी भएको वडा अध्यक्ष रामनारायण प्रसाद साहले बताए।

जगतपुरका १ सय ७४ घरधुरी, १ स्वास्थ्य संस्था, १ बिद्यालय र १ वडा कार्यालय लक्षित गरी युनिसेफ, कंचनरुप नगरपालिका र समुदायको सहयोगमा ३५ घनमिटर क्षमताको पानीटंकी तथा पाइप जडान कार्य गरि सबैको घरमा खानेपानी उपल्ब्ध पुगेको नगरप्रमुख मिश्रले जानकारी दिए।

आयोजनाका लागि युनिसेफले ६० लाख २३ हजार, कंचनरुप नगरपालिकाले १२ लाख ४ हजार र समुदायले ८ लाख ३० हजारको सहयोगमा निर्माण गरिएको हो।

सो अवसरमा कंचनरूप नगरपालिका उपप्रमुख निरू पोखरेल, वडा ४ का अध्यक्ष रामनारायण प्रसाद साह, युनिसेफ नेपालका प्रतिनिधि मेघराज मगर, रोशन गुप्ता, छोडली डोल्मा मगर, तथा सहजिकरण गर्ने संस्था अरुणोदय युवा क्लवका प्रतिनिधि लगायत सरोकारवालाहरुको उपस्थिति रहेको थियो।

# ट्रकको ठक्करबाट साइकलयात्रीको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, ११ फागुन।**

सुनसरीको कोसी ८ भण्टाबारीमा मंगलबार राति ट्रकको ठक्करबाट साइकलयात्रीको मृत्यु भएको छ। मृत्यु हुनेमा स्थानीय ६० वर्षीय भरत सहनी रहेका छन्।

प्रहरी नायब उपरीक्षक नरेन्द्रकुमार कार्कीका अनुसार पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको प्र२-०३-००१ख २५०५ नंको ट्रकले सोही दिशाबाट आउँदै गरेका साइकलयात्रीलाई ठक्कर दिएका थियो।

गम्भीर घाइते सहनीको उपचारका क्रममा जिल्ला अस्पताल इनरुवामा मृत्यु भएको कार्कीले जानकारी दिनुभयो। ट्रक चालक सर्लाहीको परवानीपुरका ५४ वर्षीय लासादोर्जे जिम्बालाई प्रहरीले नियन्त्रणमा लिएको छ।

## *माग पुरा गर्ने ...*

बस पार्कबाट एक महिनाभित्र लामो तथा छोटो दुरीका सवारीसाधन संचालन गर्ने लगायतका निर्णय भएको छ।

वार्तामा राजबिराज नगर पालिका वडा नं. ६ का वडा अध्यक्ष प्रेमकुमार यादव, मजदुरहरुको तर्फबाट अखिल नेपाल ट्रेड युनियन महासंघका मधेश प्रदेश सचिव केदार देव, जिल्ला अध्यक्ष रामचन्द्र यादव, वाइसिएलकाका नगर अध्यक्ष संजय कुमार दास, अखिल नेपाल बिद्युतिय रिक्सा अटो टेम्पो मजदुर संघका जिल्ला अध्यक्ष बिजेन्द्र प्रसाद देव, मजदुर प्रतिनिधिहरु उद्धव भुजेल, सुरेश यादव, रामभरोसी प्रसाद गुप्ता, अरबिन्द मिश्र र वडा प्रहरी कार्यालय राजबिराजका प्रहरी प्रमुख सुमन महन्थ गिरी र ट्राफिक प्रहरी कार्यालय राजबिराजका प्रमुख मोहन लाल चौधरी समेतको उपस्थिति रहेको थियो।

**सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं ।**

- आफुले प्रयोग गर्ने मोबाईल, कम्प्युटर जस्ता विद्युतीय उपकरण प्रयोग गरिसकेपछि सधैं लगआउट गरौं ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरीचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाऔं ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा पोष्ट वा शेयर नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारीता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौ र रेकर्डको लागि सुरक्षित राखौं ।

सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसवाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*